# लमजुङ्ग राज्य

– डा. राजाराम सुवेदी

उपनिषदकालीन दीर्घायू महर्षि लोमशको तपोस्थलको रूपमा रहेकोले लोमश+सत्सङ्ग भन्दा लोमसङ र लमजुङ भएको जानकारी हुन आएको छ । यसको पुरानो नाम लम्ब्युगम भएको पनि थाहा हुन्छ ।[१] लमजुङ नाम तिब्बत+बर्मेली भाषामा लामको अर्थ बाटो हुन्छ ।[२] सोही भाषामा जुङ भन्नाले किल्ला हुन्छ ।[३] त्यसरी दुई शब्दको अर्थ गर्दा बाटो नेर पर्ने किल्लालाई लमजुङ भनेको अर्थ गर्न सकिन्छ । लमजुङ भेकमा बूढाहरूले लामाजुङ्गा पाल्ने भएकाले त्यसैबाट लमजुङ भएको भन्ने सहज उत्तर पनि दिएको सुनिन्छ । त्यस ठाउँको पहिलो नाउँ लमजुङगुङ भएको र वि.सं. ११२६ मा गंगा राणक भन्ने व्यक्तिले अष्टासाहस्रिका प्रज्ञापारमिता नामक ग्रन्थको निष्कर्षपछि आफ्नो परिचयमा लेखेका छन् ।[४] लमजुङको भोटे ओडारमा एक लट्ठीबाबा बस्ने र आफ्नो संगतमा आउनेलाई त्यही लट्ठीले हिर्काउँथे । लामो लौरोले जङ्गमा गए झैं रनाहा पर्ने गरी हान्ने हुँदा लामाजङ्ग भएवाट लमजुङ्ग नाम रहेको लोक इतिहास पनि लमजुङतिर पाइन्छ । लमतरजुङबाट पनि लमजुङ नाम भएका सुनिन्छ ।

प्राचीनकालबाटै लमजुङ क्षेत्र लिच्छवि शासन अन्तर्गत पर्थ्यो । त्यसको पुष्टी गर्ने सामग्रीको अभाव रहे पनि त्यसबेला नेपाल राज्य हालको भन्दा विशाल भएबाट भन्न सकिएको हो । लमजुङमा मगर, दुरा, गुरूङ र ब्राम्हणहरू कहिले बसोबास गरे भनी स्पष्ट गर्न सकिने स्थिति रहेको छैन । लिच्छविकालबाटै ती सबै जातिको उपस्थिति नेपालमा पाइन्छ । कर्णाली प्रदेशमा नागराजवंशीय खसमल्ल राजाहरूको राज्य स्थापनापूर्व पनि त्यहाँ धेरै जाति बस्दथे । कर्णाली प्रदेशको सवालाख पर्वत ओगटेको साम्राज्य तीन शताब्दीसम्म रहेपछि पन्ध्रौं शताब्दीको मध्यतिर त्यो साम्राज्य छिन्नभिन्न हुन थाल्यो । त्यसै क्रममा गढवालमा बाह्र, अठार ठकुराई, कुमाउँमा तेह्र ठकुराई, कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबीसी राज्यको स्थापना भयो । त्यसै सिलसिलामा वि.सं. १५२४ मा कास्की राज्यको स्थापना भएको थियो ।[५] कास्कीका राजा कुलमण्डन शाहका दुई छोराको विवाह गुल्मी धुर्कोटका राजा माणिक्य मल्लकी दुई छोरीसँग भएको थियो । लमजुङ राज्यमा राज्य स्थापना गर्न उनै कुलमण्डन शाहले आफ्ना माहिला छोरा कालू शाहलाई पठाए । ती कालू शाहलाई त्यताका हिउँ निथ्रिने शेषलेक क्षेत्रमा बस्नेले छकाएर मारे । कालू शाहलाई सिमसिम ढुंगामा मारिएको भन्ने पनि सुनिन्छ । उनकासाथ गएका नारायण दुरालाई पनि शेषान्त (गुरूङ) हरूले मारे । त्यसैले नारायण दुराका छोरा लक्ष्मण दुराले लमजुङमा घलेको हुकुम मेटी शाही हुकुम कायम गर्ने

प्रतिज्ञा गरे । उनैको सक्रियतामा लमजुङ चिसंखुका कुश्माकर घिमिरे, दुराडाँडाका खाजेदुरा, नारायण दुरा, चामु धिङ्गल, शुक्रबार क्याब्साको गोल बनाई ठकुरी राजा माग्न भनी कास्कीकोटतिर लागे ।[६] कास्कीका राजाले लमजुङेहरूलाई आफ्नो माहिलो छोरो मारिएकोमा बेस्सरी हकारे । अन्त्यमा कान्छो छोरा यशोब्रम्ह शाहलाई लमजुङको राजा बनाउन खटाएपछि लमजुङेहरूले राजालाई जालीथैलो जावीमा राखी लमजुङतिर हिंडे (सानै उमेरका हुनाले) । कालू शाहकी रानीलाई राम्चे र मिदुम खोलाको दोभानमा सुरक्षा दिई पालेका दुराहरूले यशोब्रम्ह शाहलाई लमजुङको ठूलो स्वाँरामा लगी ढुंगामाथि बसाली सिंदुर अविर जात्रा गरे । त्यस ढुंगालाई हालसम्म सिंदूरे ढुंगा भनिदै छ ।[७]

## राजा यशोब्रम्ह शाह

राजा यशोब्रम्ह शाह वि.सं. १५५० आषाढ १५ गते रविबार दशमीका दिन सूर्योदयारिष्ट घटिषु ९।२५ सिंह लग्न पारेर लमजुङको गद्दीमा बसेका थिए । आफू लमजुङका राजा भए पनि दाजु कालू शाह मारिए झैं मारिने त्राश थियो । तसर्थ सिक्लिस क्षेत्रका ल्होचन गुरूङसँग मित्यारी गरी कविक्याल, सवक्याल, पुरूक्याल र कोकिल गुरूङलाई हात लिई पोंजो भन्ने ठाउँमा घलेका सन्तानलाई मार्न लगाए । त्यसरी मद्दत गर्ने ल्होचन र दुराहरूलाई राजा यशोब्रम्ह शाहले हले, पाटे, कोदाले, त्रिशाली, पञ्चसाली खोरिया फाँड्ने र शिकार गर्ने च्यांग्रा पाल्ने र व्यापार गर्ने सहुलियत प्रदान गरे ।

राजा यशोब्रम्ह शाहले वशन्तावतीसँग विवाह गरेका थिए । उनले तुर्लुङकोट र पुरानोडाँडामा राजमुकाम गराएर पनि सुरक्षित ठानेनन् । हाल ती ठाउँहरूमा पुराना किल्ला र घरका अवशेषहरू छँदैछन् । त्यसपछि उनले गाउँशहरलाई राजमुकाम गराई गुप्तकालीदेवीको स्थापना गरे । उनको पालामा बनेको लमजुङ दरबार अद्यापि छँदै छ । राजा यशोब्रम्ह शाहका २ छोरा थिए नरहरि शाह र द्रव्य शाह । कालू शाहका छोरा नरपति शाहले लमजुङको उत्तरतिरका चार गाउँको हुकुम पाएका थिए र पछि नरहरि शाह विरूद्ध कुल गरेकाले मारिएका थिए । द्रव्य शाह गोरखाका राजा भएका हुनाले नरहरि शाहले उनलाई पनि मार्ने षडयन्त्र गर्दा असफल भए । कुनै ठाउँमा यशोब्रम्ह शाहलाई जसवम्म र रानीलाई जसन्तावती पनि भनिएको छ ।[८] कहिं त जस्मजिजू पनि भनिएको छ ।[९] वेंशीशहरबाट गाउँशहर जाँदा उकालोमा विश्राम गरी छहारी लिने चौतारी उनै यशोब्रम्ह शाहले बनाएको कुरा त्यसताका बूढापाकाहरू भन्दछन् ।

राजा यशोब्रम्ह शाहले गाउँहशहरमा कालिका मन्दिर, गोरखनाथ गुफा, दरबार र किल्ला, चौतारी, सिंढी र धर्मपानीको बन्दोबस्त गरेकाले अद्यापि त्यता त्यो परम्परा कायम छ । कालीका पूजारीमा बोहरा, बराल, आले जोगीहरू रहेका छन् । यशोब्रम्ह शाहले लमजुङ दरबारमा बाइस सुसारेको दरबन्दी बसालेका थिए र लमजुङ राज्य नेपालमा मिलेपछि पनि उक्त परम्परा बाँकी रहेकोले यहाँ त्यसै आधारमा उल्लेख गरिन्छ :[१०]

| | |
|---|---|
| १. आलेमगर-सुसारे | २. रानामगर-प्रसाद जुटाउने |
| ३. बोहरा-भण्डारे | ४. गुरूजी-सुवेदी |
| ५. मूलपूरोहित-बराल | ६. बेदुवा-घिमिरे |
| ७. ज्योतिष-घिमिरे | ८. नगार्जी |
| ९. मौल्यानी-खवास | १०. विहारे |
| ११. भजनीया-भाट | १२. राँगापाठा खोज्ने-मुखिया |
| १३. दूधकुभेण्डे | १४. कन्याबर्ने-क्षेत्री |
| १५. चन्दने-गोरखनाथ पूजारी | १६. गंगाजले-फूलपाते |
| १७. चिराके-निशाने | १८. समिधे-कामी-कटुवाल |
| १९. सार्की-मिझार | २०. बहिदार |
| २१. सुनार-विश्वकर्मा | २२. बढाई गर्ने-दमाई |

२३. गाइने-गन्धर्व कलाकार मालश्रीसँगै आर्वाजो र सारंगी रेट्ने ।

उपर्युक्त तेइस सुसारेलाई आवश्यक गुठीको व्यवस्था थियो । राजा यशोब्रम्ह शाह लमजुङलाई ८००० लमजुङको स्थापना गर्न समर्थ भए । उनैले लमजुङलाई शक्तिशाली र आँटिलो बनाएका थिए ।[११] उनैले गाउँशहर गर्मीको राजधानी र बेंसीशहर जाडोको राजधानी बनाई निर्माण कार्य गरेका थिए, जो अद्यापि छन् । वि.सं. १५९८ मा उनले लमजुङमा तोप ढाल्न लगाई सैनिक मजबुती

गराएको कुरा ऐतिहासिक कालक्रमबाट जानकारी हुन्छ ।[१२]

## राजा नरहरि शाह

लमजुङको राजगद्दीमा नरहरि शाह कहिले बसे भन्ने कुरा पुष्टी गर्ने सामग्री प्राप्त भएका छैनन् । यद्यपि वि.सं. १६१६ सालमा गोरखामा द्रव्य शाहले राज्य स्थापना गर्दा लमजुङमा नरहरि शाह पनि गद्दीमा बसीसकेको कुरा तत्कालीन विवादबाट जानकारी हुन्छ । नरहरि शाहले बेसीशहरको राजकुलो कर्पुटारको राजकुलो, भोर्लेटारको राजकुलो र भोटें ओडारको कुलो निर्माण गराएका थिए । लमजुङ कोटमा कचरीघर, पूजाकोठा, अखण्डदीपकोठा, दशैंघर आदि पनि नरहरि शाहले नै निर्माण गराएका थिए । लमजुङ कालीकामा वडादशैं र चैतेदशैंमा पूजा गर्ने राँगा ६, बोका २५, भेडाथुमे १०, सुँगुर १, चैतेदशैंमा बोका १९, भेडो १, राँगा २ र सुँगुर १ बलिको पनि व्यवस्था गरेका थिए । त्यहाँ पर्व-पर्वमा वेद, चण्डी, दुर्गाकवच, रूद्री पाठ गर्ने, पूजा आरतीको पनि व्यवस्था गरिदिए । उनले लक्ष्मीनारायण, त्रिपुरेश्वर, कर्पुरेश्वर, ईशानेश्वेर जस्ता मन्दिरहरूको पुनर्निर्माण गराए । लमजुङस्थित लक्ष्मीनारायण मन्दिरको ईंट ९०० वर्ष पुरानो भएको चर्चा पनि पाइएको छ ।[१३] गोरखा क्षेत्र लमजुङको प्रभावमा थियो । नरहरि शाह लमजुङका राजा भएपछि द्रव्य शाहले विद्रोह गरी गोरखाको स्थापना गर्दा लमजुङले पछिसम्म दावा गरी रहयो तर गोरखाले लमजुङप्रति प्रत्याक्रमण गरेन । त्यसको मनोवैज्ञानिक कारण छ । नरहरि शाहले आफ्ना भाइ द्रव्य शाहलाई बाबुको श्राद्धसँगै गर्ने सल्लाह गरी चेपेपारि लमजुङतर्फ बोलाए । त्यस दिन श्राद्ध भयो र धाईकी छोरीले आँखा सन्काई दिएकाले द्रव्य शाह भागे । त्यस छलले नरहरि शाह र द्रव्य शाहको चेपेमा आमाको दूध बगाई सीमाना गरेको धर्म भूटियो[१४] राजा नरहरि शाहले मनाङबाट मुक्तिनाथ जाने बाटो सुधार गरेका थिए । त्यति हुँदा पनि राजा नरहरि शाहका पालाको अभिलेख प्राप्त भएको छैन । जे जति जानकारी भएको छ, त्यो कि त लोक इतिहास हो या त अरू लेखकले प्रकाशन गरेका र वंशावलीको अपुष्ट टिपोट मात्र हो । त्यति हुँदा पनि नरहरि शाहको इतिहास गोरखाका राजा द्रव्य शाहका दाजुका नाताले तत्काल गरेका षडयन्त्र र गोरखालाई लमजुङमा मिलाउने प्रयत्न गरेका वर्णनबाट अस्तित्व प्रमाणित हुन गएको छ र लमजुङ रहेसम्म उनैका वंशजले त्यहाँ राज्य गरेका थिए ।

## राजा चूडा शाह

लमजुङका राजा चूडा शाहको नाउँ वंशावलीमा उल्लेख गरिएको छ । त्यस बाहेक उनको राज्यकाललाई पुष्टी गर्ने अन्य श्रोतहरू प्राप्त हुन सकेका छैनन् । उपलब्ध नभएसम्मका निम्ति चूडा शाह लमजुङ राज्यका राजा रहेको भन्नेसम्म जानकारी भएको छ ।[१५] ऐतिहासिक कालक्रमका आधारमा गोरखाका पूर्ण शाह लमजुङका राजा चूडा शाहका समकालीक देखिन्छन् । पूर्ण शाहको पालामा पनि बाबु द्रव्य शाहका जस्तै लमजुङ र गोरखाको युद्ध चल्यो । लमजुङले गोरखाको लिगलिगमा कब्जा गरेको हुँदा गोरखाली सेनाले हटाएको कुरा गोरखा वंशावलीमा उल्लेख छ । त्यसरी विचार गर्दा वि.सं. १६४५ देखि १६६२ सम्म लमजुङमा पनि चूडा शाह राजा रहेको संकेत पाइन्छ । राजा चूडा शाहका पालामा रनसिं र देउदास भण्डारी रहेको एउटा टिपोटबाट जानकारी भएको छ । ती व्यक्तिहरू लमजुङ राज्यको स्थापनाकालदेखिका भँडारे थिए ।

## राजा अचिन्द्र शाह

लमजुङका राजा अचिन्द्रलाई चन्द्र शाह पनि भनिएको छ । उनका समकालीक गोरखाली राजा राम शाह थिए । अचिन्द्र शाह बुद्धिमान र राजनीति निपुण थिए । लमजुङको सेनालाई उनले लिगलिग, लकाङ, भिर्कोट, देउराली, धुँवाकोट र च्याङली गोरखाले लमजुङबाट लुटी लिएको थाहा पाई त्यसको रक्षार्थ खटाए । गोरखाका राजा राम शाहले ती क्षेत्रहरूलाई सम्झाई, धम्काई आफ्नो अधिनमा पारेकाले लमजुङेहरूले त्यहाँ आक्रमण गराउनु परेको थियो । तर त्यस युद्धमा गोरखालीहरू विजयी भएकाले लमजुङे सेना रित्तो हात फर्किनु पऱ्यो । त्यसको बदला लिन लमजुङका राजा अचिन्द्र शाहले वारपाक निवासीहरूलाई उचालेर गोरखाको सरहदमा वागी भई घुस्न लगाए । त्यो षडयन्त्रबाट गोरखाली शंकालु देखिंदा राम शाह बालुवा व्याशीमा शिकारमा गएको मौका पारी उनमाथि हमला गरी मार्न लगाए । तर त्यो योजना पनि

सफल भएन । यसरी हरेक क्षेत्रमा गोरखाबाट लमजुङ ठगिदैं जान थाल्यो ।[१६] त्यस घटनाबाट लमजुङका राजा अचिन्द्र शाहको राज्यकाल वि.सं. १६६२ पछि १६९३ सम्म रहेको अनुमान गर्न सकिने स्थिति छ । लमजुङले मझुवालाई आफ्नो कब्जामा लिन सफलता पाएको थियो । अचिन्द्र शाहका देउदास र सिरै भण्डारीहरू लमजुङका भँडारे थिए ।[१७]

## राजा नरेन्द्र शाह

लमजुङका राजा नरेन्द्र शाह अचिन्द्र शाहका छोरा हुन् । वंशावलीमा उनको राज्यकालका बारेमा उल्लेख गरिएको पाइदैन । नरेन्द्र शाहको अर्को नाउँ नराज शाह पनि रहेको बुझिन्छ भने कुनै ठाउँमा नरेन्द्र शाहका छोरा नराज शाह भन्ने उल्लेख गरिएको छ ।[१८] लमजुङका राजा नरेन्द्र शाहका समकालीन गोरखाली राजा कृष्ण शाह रहेको थाहा पाइन्छ । गोरखाका राजा कृष्ण शाहपछि रूद्र शाह राजा हुँदा पनि लमजुङमा राजा नरेन्द्र शाह थिए । राजा नरेन्द्र शाहले गोरखाले राम शाहका पालामा मिलाइएको मझुवामाथि अधिकार गरे । तर रूद्र शाहको राज्यकालमा गोरखाले मझुवा क्षेत्र लिएरै छोड्यो ।

## राजा केहरीनारायण शाह

गोरखाका राजा पृथ्वीपति शाहका समकालीक लमजुङका राजा केहरीनारायण शाहले गोरखासँग लामै संघर्ष गर्नुपर्‍यो । राजा केहरीनारायण शाहले ६१ वर्ष राज्य गरेको कुरा प्रकाशित भएको छ ।[१९] तर उनको राज्यकाल कहिले आरम्भ भयो वा कहिले अन्त्य भयो भन्ने श्रोतहरू प्राप्त भएका छैनन् । वि.सं. १७२४ मा गोरखाका राजा रूद्र शाहको परलोक भएको देखिनाले र उनका बाबु कृष्ण शाहका समकालीक राजा नरेन्द्र शाह हुँदा वि.सं. १७३०-३१ तिर केहरीनारायण शाह राजा भएको सम्भावना महसुस हुन जान्छ । त्यसरी विचार गर्दा वि.सं. १७३१-४१ गर्दा १७७२ सम्म उनको राज्यकाल रहेको ठानिएको छ ।

राजा केहरीनारायण शाहले वि.सं. १७४१ मा रू. २४०० रकम लिई नारायणदास उपाध्यायलाई केही जमीन बेचेका र केही रजबन्दकी राखी कागत गरिदिएका थिए ।[२०] लमजुङ राज्यलाई गोरखाले अँचेटीरहेको र आफ्नो रक्षाको निम्ति राजा केहरीनारायण शाहले प्रशस्त रकम जम्मा पारी सामरिक उपकरणहरू जम्मा पार्ने र निर्माण गर्ने गर्दा खर्चिलो पर्न गएको थियो । त्यस आवश्यकतालाई पूर्ति गर्नका निम्ति राज्यका मलिला जमीन या त बिक्री गर्ने या बन्दकी दिने गरेको पाइन्छ । त्यस प्रकारको क्रम अन्य बाइसी चौबीसी र सेन राजाहरूका राज्यमा पनि रहेको पाइन्छ ।

गोरखाका राजा पृथ्वीपति शाह वि.सं. १७३४ देखि १७७३ सम्म राजा रहेको प्रमाणित भएको छ । त्यस अन्तरालमा लमजुङका राजा केहरीनारायण शाहले वि.सं. १७४१ देखि ९ वर्षसम्म ११ पटक गोरखामाथि आक्रमण गरेका थिए । त्यसको प्रतिकार गर्न गोरखाले १२ वर्षमाथि ८० वर्ष मुनिका मानिसलाई जम्मा पारी लिगलिग, लकाङ, भिर्कोट, धुँवाकोट, चौरालीमा रहेका लमजुङको फौजमाथि अचानक हमला गरेका थिए ।[२१] ती गाउँहरूमा लमजुङले ३ वर्षसम्म लगातार शासन चलाएको थियो । त्यस क्षेत्रमा पुन: १७५२ मा गोरखाले विजय गर्दा लमजुङ खिस्रिक्क परेकोले सहन नसक्ने अवस्थामा पुग्यो । त्यसको ५-६ वर्षपछि लमजुङले बलपूर्वक गोरखाले खोसेको इलाकामा हमला गरी लिगलिगमा लमजुङका राजकुमार भीम शाह तैनाथ रहेका थिए । त्यसबाट गोरखालाई निराशा लाग्यो ।

लमजुङले आफ्नो भू-भाग फिर्ता लगेकोले गोरखाका राजा पृथ्वीपति शाहका कान्छा छोरा रणदूर्ल्लभ शाहलाई गोरखाबाट धपाए जस्तो गरी लमजुङमा प्रवेश गराइयो । उनका साथमा गौरेश्वर पन्त वलि कडरियाहरू लमजुङको लिगलिग पुगेका बेलामा गोरखाबाट धपिई आएको स्पष्ट पारी ५-७ महिना लमजुङ बसे । लमजुङे राजकुमारले विश्वास गरी लिगलिगको जिम्मा रणदूर्ल्लभ शाहलाई दिए । त्यसै मौकामा गोरखामा सुटुक्क खवर गरी हमला गर्न लगाई लिगलिग गोरखाको पारे ।[२२] यसरी गोरखा र लमजुङबीचमा छिमेकी बस्तीहरूका अधिकार गर्ने होड जस्तै चलेको देखिन्छ ।

राजा केहरीनारायण शाहको नाउँ लमजुङ बेसीशहरस्थित नारायण मन्दिरको पटाङ्गिनीमा रहेको आठ पंक्तिको अभिलेखमा पनि परेको छ । सो अभिलेख शाके १६६७

वि.सं. १८०२ को हुनाले त्यति बेलासम्ममा केहरीनारायण शाहको मृत्यु भई उनका छोरा दशिवंत शाह राजा भइसकेको प्रमाणित भएको छ । राजा केहरीनारायण शाहले छिमेकी राज्यहरूसँग रामो सम्बन्ध बसालेका थिए । विशेष गरी लमजुङ राज्यलाई गोरखाले एकोहोरो दपेटेकोले छिमेकी चौबीसी राज्यहरूसँग मद्दत लिई गोरखालाई कमजोर पार्नु पर्ने स्थिति थियो । सामरिक शक्तिमा लमजुङ सक्षम भएर पनि गोरखाले त्यसलाई बेला-बेलामा हेप्दथ्यो । त्यसबाट दुवैको सीमा क्षेत्रमा गोरखाको स्थापनाकालदेखि नै तनाव चलिरहेकोले लमजुङका जनता पनि जुझारू बन्ने बानी परेका थिए ।

## भीम शाह (दशिवन्त शाह)

लमजुङका राजा दशिवन्त शाह (भीम शाह)को वि.सं. १८०२ को एउटा अभिलेख प्राप्त भएको छ । उक्त अभिलेखमा श्री केहरीनारायण शाहकी बुहारी दशिवन्त शाहकी रानी हेमदासीपट्टिबाट जन्मेकी छोरी जवावतीले लमजुङमा निर्माण गरेको धर्मशाला भन्ने कुरा उल्लेख गरिएको छ । सो अभिलेखले लमजुङका राजा दशिवन्त र रानी हेमदासीको नाम प्रकट गर्न सकेर पनि राजा केहरीनारायण शाहको राज्यकाल र जशिवन्त शाहको मृत्यु मिति पनि खुलेको छैन । लमजुङका राजा भीम शाह (दशिवन्त) गोरखाका राजा नरभूपाल शाहका समकालीक थिए । त्यति भएर पनि वि.सं. १७९६ भन्दा अगाडि नै राजा भीम शाह (दशिवन्त) को मृत्यु भएको कुरा प्रकाशमा आएको र त्यसपछि लमजुङमा रिपुमर्दन शाह राजा भएका थिए ।

## रिपुमर्दन शाह

वि.सं १७८२ देखि १७८८ को अन्तरालमा लमजुङ, कास्की तनहूँ मिलेर गोरखाको धुवाकोट पट्टिबाट एक मुख, च्याङली पट्टिबाट अर्कोमुख, लकाङ भिर्कोटपट्टिबाट एकमुख गरी गोरखामा आक्रमण गरे । त्यस्तो अवस्थामा ती क्षेत्रका मानिस जुटी चौबीसीलाई लखेटे । त्यसपटक लमजुङको गोरखासँग जमेर युद्ध हुन पाएन । गोरखा र लमजुङको बीचमा बेला-बेलामा खटपट परिरहेको थियो । विशेष गरी सीमाक्षेत्रमा कहिले लमजुङले त कहिले गोरखाले आक्रमण गरिरहन्थे । गोरखाले लमजुङसँग युद्ध गर्नुभन्दा पूर्व र दक्षिणतिर चेप्न चाहन्थ्यो । लमजुङले गोरखासंग आफ्नो क्षेत्र खोसेको फिर्ता लिन चाहन्थ्यो । गोरखाले दखल गरेको ठाउँ छोड्न चाहदैनथ्यो । त्यसै अवस्थामा वि.सं. १७९६ माघ ११ गते गोरखा र लमजुङको बीचमा कास्कीको अर्धौंमाथि अधिकार गर्न लमजुङलाई दिने र गोरखाले पूर्वको काम गर्दा लमजुङले हमला नगर्नु भन्ने सर्त राखिएको थियो । त्यस सन्धिपत्रमा उल्लेख भएको व्यहोरा गोरखाले पालन नगरेमा ४०,००० रूपैयाँ लमजुङलाई तिर्नुपर्ने सर्तबन्दी गरिएको थियो । त्यसका साथै लमजुङका राजा रिपुमर्दन शाहसँग गोरखासँगको सीमाक्षेत्रमा पृथ्वीनारायण शाहसँग भेटी पूर्व सिन्धुसम्म गोरखा बढ्दा लमजुङले मद्दत गर्ने र अर्घौं लमजुङले जित्दा गोरखाले मद्दत गर्ने स्पष्ट सर्त राखिएको थियो । कालु पांडे भन्ने गोरखाली काजीले लमजुङसँग सन्धि गर्ने काममा विशेष भूमिका खेलेका थिए । त्यसो गर्नलाई कालु पांडेको छोरा वंशीधर पाण्डे र लमजुङका युवराज वीरमर्दन शाहसँग मित्यारी सम्बन्ध गरिएको थियो ।

राजा रिपुमर्दन शाहले लमजुङलाई शासनमा सजिलो रहोस् भनी २७ मौजामा विभक्त गरिदिएका थिए । मौजा भन्नाले सानो राज्य, प्रदेश, अंचल र जिल्लाको सुविधाजनक इलाकाहरूलाई एकै ठाउँमा राखी विभाजन गर्ने पद्दतिलाई व्यवहार गरेको इलाकालाई जनाउँछ । लमजुङका २० मौजाहरू यसप्रकार छन् ।

१. रजस्थल = राजा बस्ने ठाउँ वा राजधानी राजमुकाम हुने ठाउँ ।
२. सराञ्चोक = राजाका सिपाहीले सरायँ खेल्ने त्रिवेणी परेको मेला लाग्ने ठाउँ ।
३. चौथर = गौडाकोट भनी लमजुङ राज्यले सैनिक गौडा निर्माण गरेको ठाउँ ।
४. नौथर = लमजुङको दोर्दीखोलाको मुहान दूधपोखरी क्षेत्र ।
५. तार्कू = शिवरात्रीमा मेला लाग्ने र देवस्थल रहेको ठाउँ ।
६. तान्द्राङ = नागभैरव मन्दिरस्थित पुरानो ठाउँ ।
७. जीता = भैरवस्थान र सातधारा रहेको ऐतिहासिक ठाउँ ।

८. कुन्छा = कुन्छा सिरानगढी, कालिका मन्दिरमा ३६ गुठियार रहेका र शिवरात्री तथा फागू पूर्णिमाको दिनमा मेला लाग्ने ठाउँ ।

९. बाह्रथर = लमजुङको फौज बस्ने र तालिम गर्ने ठाउँ ।

१०. चौघरखोला = भिरालो र खोलाले चारैतिर घेरेको ठाउँ ।

११. दशथर = उत्तरकन्या मन्दिर, स्थायीकूवा, मिदिम खोलाको र खुदी खोलाको शिर दूधपोखरीमा जनैपूर्णिमाको दिन मेला लाग्दछ ।

१२. अलकाटार = चेपे नदीको पश्चिमतिर चक्रतीर्थमा माघेसंक्रान्तिमा मेला लाग्दछ र टार परेकोले रविवाली गर्न सकिने पुरानो ठाउँ हो ।

१३. लुपुटार = धमिली कूवा र कडरियाहरूको बसोबास क्षेत्र हो ।

१४. थन्सिङ = राजराजेश्वरी मन्दिर रहेको प्रशस्त गुठी साँगे, बांग्रे, भोर्लेटार धोद्रे गाउँमा धेरै मानिस बसोबास गर्ने ठाउँ ।

१५. करापू = इशानेश्वर महादेव मन्दिर र चिसंकु क्षेत्र । शिवरात्रीमा यहाँ ठूलो मेला लाग्दछ । "शिवरात्री कर्पूटार चैते दशैं बाग्लुङ बजार" भन्ने उखान बनेको हो ।

१६. चारनाल पाँचगाउँ = चारगाउँका मानिसले कुलपूजा गर्ने महत्वको ठाउँ ।

१७. दूराडाँडा = तुर्लुङकोट र दूराहरूको दूल्लूबाट आएपछिको पहिलो बस्ती ।

१८. चिती = राजाको चिताईदारहरूलाई बसोबास गर्न खटाइएको ठाउँ ।

१९. पुस्तुन = कालिका मन्दिर, देउरालीकोट, लटेश्वर महादेवको मन्दिरस्थल र बाहूनडाँडा नामले प्रसिद्ध रहेको प्राचीन ऐतिहासिक स्थल ।

२०. खासुर = गोखूरेश्वर महादेवको मन्दिरस्थित रहेको गाउँ ठाउँ ।

२१. तारकाङ (मकैखोला) हाल कास्की जिल्ला अन्तर्गत पर्न गएको ।

२२. नामर्जुङ = गुरूङहरूको पुरानो बस्ती रहेको ठाउँ । हाल कास्कीमा) ।

२३. मकैखोला = पुरानो लमजुङे राजाका गुरूहरूको बसोबास क्षेत्र ।

२४. गहने = राजाका गहनागुरिया निर्माण गर्ने सुनारहरू बस्ने ठाउँ ।

२५. गोर्जे = कास्की जिल्लामा पर्न गएको पुरानो बस्ती भएको ठाउँ ।

२६. ताङतिङ = पुराना जमानामा भीरबाट दाउरा काठ भीरबाट लडाउने ठाउँ ।

२७. धाङजाकोट = याङजाकोट = असिना तर्काउने तान्त्रिकहरू बस्ने ठाउँ ।

वि.सं. १७९७ मा गोरखा र लमजुङको सम्बन्ध राम्रो हुँदा ती दुवै राज्यले ललितपुर राज्यको लामिडाँडा क्षेत्रसँग जोडिएको देउराली भन्ने ठाउँ कब्जा गरेका थिए । वि.सं. १७९६ मा ती दुवै लमजुङ र गोरखाको बीचमा सन्धि भएको कुरा माथि नै उल्लेख गरिएको छ ।

वि.सं. १७९९ मा गोरखामा नरभूपाल शाहको मृत्यु भई युवराज पृथ्वीनारायण शाह राजा भए । त्यसको एक वर्ष पछि वा १८०० मा गोरखाको काजी पदमा कालु पांडेलाई नियुक्त गरेका थिए ।[२३] त्यसै नियुक्तिपछि १८०१ मा गोरखाका राजा पृथ्वीनारायण शाह र लमजुङका राजा रिपुमर्दन शाहको बीचमा चेपे नदीका किनारमा भेट भई अर्को सन्धि गरेका थिए । यसबाट लमजुङका राजा रिपुमर्दन शाहलाई गोरखाका राजाले महत्व दिएको देखिन्छ । गोरखाका राजाले काशी यात्रा जाँदा र पूर्वतिर बढ्दा लमजुङबाट खतरा नपरोस् भन्ने नै त्यस सन्धिको लक्ष्य थियो किनभने लमजुङ सामरिक शक्तिमा सम्पन्न भएको गरूड भनिन्थ्यो भने गोरखा सर्प अनि काठमाडौं उपत्यका भ्यागुतो ।

वि.सं. १८०२ सम्म लमजुङका राजा रिपुमर्दन शाहको राज्यकाल रहेको र त्यसै वर्ष वीरनारायण शाहको राज्यकाल रहेको प्रमाणित भएको छ ।

**बीरमर्दन शाह (बीरनारायण शाह)**

लमजुङका राजा बीरमर्दन शाहका काजी जयसिंह भण्डारी थिए ।[२४] यिनको मीत्यारी गोर्खाका काजी कालू पांडेका छोरा वंशीधर पांडेसँग लगाएको थियो । बीरमर्दन शाहको जन्म मिति थाहा भएको छैन तापनि वि.सं. १८०२ मा यिनी लमजुङका राजा भइसकेकाले उनका बाबु रिपुमर्दन शाहको मृत्यु भइसकेको बुझिन्छ ।

लमजुङका राजाहरू गोरखालीका पुस्तैनी शत्रु बनेका थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले लमजुङसँग भएको पुरानो सन्धिपत्रलाई तोडीदिए । त्यो समाचार सुनेका लमजुङका राजा बीरमर्दन शाहले तनहूँ कास्की र पर्वतका राजाहरूलई हातलिई एकत्व गर्न थाले । तदनुसार त्यस चौबीसी संगठनले गोरखामाथि आक्रमण गर्ने तयारी पनि गर्न थाल्यो । लमजुङ र पर्वतका राजाहरू मिलेर कास्कीका राजा सिद्धिनारायण शाहलाई हैरान पारेका थिए । फलस्वरूप कास्की चौबीसीबाट फुटेर गोरखातिर मिल्ने लक्षण थियो । गोरखाले कास्कीमा आफ्नो दूत पठाएर सम्बन्ध बढाउँदै लगेको थियो । उता चौबीसीको संयुक्त शक्तिले गोरखाको सिह्रानचोकमाथि दखल गर्न सफल भएको थियो । गोरखाका नरभूपालकी भित्रिनीपट्टिका रणरुद्र शाह र काजी कालू पांडेको युक्तिले सिह्रानचोकबाट चौबीसी फौज हट्न बाध्य भयो । वि.सं. १८११ को त्यो घटनाले लमजुङलाई ज्यादै मर्का पर्‍यो ।[२५]

वि.सं. १८१५ मा लमजुङ, कास्की, तनहूँ, भीरकोट जस्ता राज्य मिलेर पुनः गोरखामाथि आक्रमण गरे । कीर्तिपुरको दोस्रो आक्रमण १८१४ मा गोरखाको पराजीत भईसकेको थियो । त्यो रिस फेर्न चौबीसीको एकगठ भई सो आक्रमण गरिएको थियो । चेपेको किनारमा पुगेको चौबीसी सेनालाई रागिनाश गढीमा किल्लाबन्दी बनाइरहेको देखेर गोरखाले सिरानचोकगढी बनाएको थियो । गढी निर्माण गरी सकेर गोरखाले चौबीसीमाथि रागिनाशगढीमा घेराउ गर्दा लमजुङको धेरै योद्धा काटिए । त्यसै अवस्थामा कुन्जर भण्डारी, पारथ भण्डारी लगाएत २५० जना लमजुङे पक्राउ पर्न गए । रागिनाशगढी र लाखाजुङ पनि गोरखाले दखल गर्दा लमजुङलाई साह्रै मर्का पर्‍यो ।[२६] लमजुङलाई गोरखा बढ्दै गएकोमा प्रत्यक्ष खतरा बढीरहेको थियो र लमजुङ हडबडाउन थाल्यो ।

वि.सं. १८१९ मा मकवानपुरलाई गोरखाले विजय गरेपछि त्यसको प्रत्यक्ष प्रभाव चौबीसी र विशेष असर तनहूँलाई परेकोले चौबीसी राज्यहरू त्रशित हुन थाले । त्यसैले विभिन्न बहाना पारी चौबीसीका सल्लाह बमोजिम हर्मी, धुवाकोट, च्याङली, भिरकोट, देउराली र लकाङ जस्ता गाउँमा दिउसै लूटपाट मच्चाउन थाले । वि.सं. १८२० फागुन चैतमा भएको त्यस काण्डमा उता गोरखालीले शूरप्रताप शाहको नेतृत्वमा आक्रमण गर्दा दुवै पक्षमा केही हताहत भए ।[२७] वि.सं. १८२२ मा कीर्तिपुरमाथि गोरखालीले अधिकार गरेको थाहा पाएका लमजुङका राजा बीरमर्दन शाहले गोरखामा आक्रमण गर्न सेना खटाउँदा गोरखाले पनि प्रत्याक्रमण गरे । दुवैको लाखाजुङमा भेट भएर युद्ध हुँदा लमजुङको सेना कमजोर भएकोले त्यहाँबाट हट्नुपर्‍यो ।[२८] वि.सं. १८२९ (शाके १६९४) लमजुङका राजा बीरनारायण शाह र आफ्ना दुई रानी सालधरा र श्रीसकलानकुमारीसहित तीन जनाले ईशानेश्वर महादेवको नाममा धर्मकर्म परब्रम्हार्थ १४० खेतको अन्न संकल्प गरेका थिए । लमजुङको कर्पुटारफाँटमा उभ्याइएको शिलालेखमा उत्कीर्ण अभिलेखले अतीत, बटुवा, फकीर, कुखुराचल्ला सदावर्त राख्ने काम धर्ममा तत्पर रहने राजा रानीले जीवरक्षा तथा भवानीविश्वनाथ (शिवपार्वती) का नाउँमा गुठ राखिदिएका थिए ।[२९] उपर्युक्त वर्णनबाट लमजुङ कर्पुटारस्थित प्राचीन ईशानेश्वर मन्दिरमा जाने जोगीहरूको पनि बस्ने खाने बन्दोबस्त त्यहाँका राजारानीले गरेको स्पष्ट भएको छ । ईशानेश्वर महादेवका अधिकृत पूजारीमा उपाध्याय सोती ब्राम्हणहरू रहेको पनि प्रमाणित भएको छ । ती सोतीहरूलाई ६० मुरी खेत लमजुङका राजाहरूले राखी नित्य नैमित्य पूजा चलाई बाँकी बचेको भोग गर्नु भन्ने लालमोहर नेपाल सरकारले गरिदिएको पनि पाइन्छ । त्यसरी मठ मन्दिरमा गुठी र ईश्वरका नाउमा तीर्थालू र जोगी जालन्धरलाई सुविधा पुर्‍याउने सदावर्त राखेको पाइनाले राजा वीरनारायण शाह धार्मिक, समाजसेवी

र उदार भएको कुरा पनि प्रमाणित हुन गएको छ ।

लमजुङका राजा बीरनारायण शाहको राज्यकाल १८२५ मा गोरखाले कान्तिपुर र ललितपुरलाई वशमा पारेपछि तनहूँका राजा हरकुमारदत्त सेनले गोरखासँग आश्रित सन्धि गरे । गोरखाको पश्चिम विजय वि.सं. १८२७ देखि शुरू भयो र त्यसको पहिलो धक्का तनहूँलाई नै पऱ्यो । वि.सं. १८२८ मा केहरसिंह बस्न्यातको नेतृत्वमा ६०० जति तालिमे र २००० जति बेतालिमे सिपाहीसहित तनहूँबाट, त्यति नै सिपाहीसाथ वंशराज पाण्डेले कास्कीको बाटो लाग्ने भए । यस्तो गोरखालीको ओइरो लाग्न गएको अवस्थामा लमजुङका राजा वीरनारायण शाहले सामना गर्नु ठीक नठानी गोरखा (नेपाल) को आश्रयमा रहन स्वीकार गरे । तदनुसार उनको जमानतस्वरूप आफ्ना छोरा बीरभूपाल शाहलाई काठमाडौं बस्न पठाउनु पर्ने भयो । लमजुङको रागिनाश गोरखाले लियो र केहरसिं बस्न्यातलाई लमजुङे राजाले शिर पाउ दिई लमजुङभित्रको चारनाल खेत फिर्ता गरिदिए ।[३०] नेपाली सेनालाई तनहूँको सेना मद्दत गर्न पुग्यो र रिसिङ, भिर्कोट, गह्रौं, पैयूँ दखल गऱ्यो । वंशराज पांडेले कास्कीलाई वशमा लिई वर्षादमा केहरसिंह बस्न्यातसँग मिले । वर्षा आरम्भ भएको हुनाले पर्वतले लमजुङ र तनहूँलाई हातलिन खोजेका बेलामा क्याक्मी गह्रौं कोटमा ९६ जना तनहूँका सिपाही काटिए । त्यही निहुँमा तनहूँ नेपाल विरूद्ध भड्कियो । २००० चौबीसी र त्यति नै गोरखाली सतहूँमा भिडन्त हुँदा ५०० नेपाली काटिए भने केहरसिं बस्न्यात पनि मारिए । वंशराज पांडे मूर्छा पर्दा पक्रिए । नेपाली सेनामा भागदौड मच्चियो । भागेकालाई सेतीको छेउमा १४ दिन थुनिए । ढोर, सतहूँ, भिर्कोट, गरहूँ र पैयूबाट भागाभाग भएपछि नेपालले पश्चिमतिर विजय गर्ने अभियान परित्याग गर्नुपऱ्यो । लमजुङले पनि गोरखाको विरूद्ध विद्रोह गऱ्यो र चौबीसीतिर लाग्यो ।

वि.सं. १८३१ मा गोरखाका राजा पृथ्वीनारायण शाह र १८३४ मा उनका उत्तराधिकारी प्रतापसिंह शाहको मृत्यु हुँदा नाबालक रणबहादुर शाहलाई गद्दीमा राखी नायब मुमा महारानी राजेन्द्रलक्ष्मीदेवीले नेपालको शासन चलाउन थालिन् । त्यसै अवसरमा वि.सं. १८३८ माघ २५ गते चौबीसीले नेपालमाथि आक्रमण गरे । कास्कीको सम्बन्ध गोरखासँग भएको हुनाले चौबीसीलाई साथ दिन अनकनाइरहेको बेलामा पर्वत र लमजुङका सेनाले बाध्य गराई आफ्नो खेमामा ल्याए । तनहूँको सिजुङमा ठाना बनाई बसेका नेपाली सेनालाई चौबीसीले लघारेर गोरखाको सिरानचोकगढीतिर बढ्यो । नेपाली सेना सिरानचोकमा जमेर बसेको हुनाले चौबीसी त्यहाँ नपुग्दै कास्कीका राजा सिद्धिनारायण शाहले युद्धमैदानबाट हात झिके । चिप्लेटीमा नेपाल र चौबीसीको युद्ध भयो । झिमऱ्याक र सिजुङमा भएको युद्धमा चौबीसीको हार भयो । पर्वतका राजा कीर्तिबम मल्ल साह्रै रिसाएकाले कास्कीमाथि लूट मच्चाए । त्यसपछि चौबीसीमा एकताको अभाव हुँदै गयो । वि.सं. १८३९ मा वंशराज पांडेले लमजुङको राजधानीमा घेराउ गर्दा तनहूँ र लमजुङका राजाहरू मनाङको बाटो भाग्दै पर्वत दाखिल भएर रामनगर पुगे ।

लमजुङका राजा बीरमर्दन शाह भाग्दा उनका छोरा बीरभूपाल शाह लमजुङमा परिवारसाथ थिए । नेपालसँग राजा बीरमर्दन शाहले काशीवास जान परिवार मगाउँदा पठाइएकोले उनी त्यतै लागे । त्यसरी १८३९ कार्तिक १८ गते लमजुङ राज्य पूर्णत: नेपालमा सम्मिलित भयो । लमजुङका अन्तिम राजा बीरमर्दन शाह एक साहसी, स्वाभिमानी र योद्धा थिए । नेपालले चौबीसी नलिई नछोड्ने वातावरण बनाएको हुनाले लमजुङले नेपाल सामु हार स्वीकार्नै पऱ्यो । सकेसम्म लमजुङ राज्यको रक्षा गर्न वीरमर्दन शाहले चाहेका भए पनि केही लागेन । चौबीसीहरूमा स्थायी एकता नहुनाले र ती राज्यहरू टाढा पर्नाले पनि आपसमा मद्दत मिल्न कठीन परेको थियो । परिणामस्वरूप तनहूँको साथै लमजुङ पनि नेपालको गास बन्यो । वि.सं. १५५० देखि १८३९ सम्म ३०० वर्षसम्म लमजुङ स्वतन्त्र राज्यको रूपमा रही विशाल नेपालमा सम्मिलित हुन पुगेको थियो ।

## टिप्पणी

१. योगी नरहरिनाथ, आध्यात्मिक नेपाल एवम् देवदेशो हिमालय (काठमाडौं: गोरक्षपीठ मृगस्थली, २०३८) पृष्ठ, ४६

२. हर्षबहादुर बुढामगर, मगर रोमन नेपाली कोष (काठमाडौं: पुस्पावती बुढामगर २०५०) पृष्ठ ५८
३. ऐजन, पृष्ठ, २६
४. धनवज्र बज्राचार्य र टेक बहादुर श्रेष्ठ, "लमजुङको ऐतिहासिक झलक"
भ्वायस अफ हिष्ट्री भोलम III (२०३४) पृष्ठ, २९-३०
५. राजाराम सुवेदी, "कास्कीको इतिहास" स्मारिका १, २ (काठमाडौं कस्केली प्रजातान्त्रिक समाज, २०५६-५७) पृष्ठ १-७
६. गोरखापत्र २०५६ कार्तिक २८ गते आइतबार, पृष्ठ ८
७. गणेशमान गुरुङ, दुरा जातिको सामाजिक अध्ययन (काठमाडौं सुरेशबहादुर शाही र दुरा परिवार, २०४१) पृष्ठ ७६
८. मोहनप्रसाद खनाल, इतिहास प्रभात (काठमाडौं: मोहनप्रसाद खनाल २०२६) पृष्ठ, ४५-४९
९. धर्मराज थापा, लोक संस्कृतिको घेरामा लमजुङ (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१) पृष्ठ, ४१६
१०. लमजुङ दरबार हेरचाह अड्डाको फाइलबाट
११. योगी नरहरिनाथ, इतिहास प्रकाश २:३ (काठमाडौं: इतिहास प्रकाश मंडल, २०१३) पृष्ठ, ५८६-८७
१२. बज्राचार्य पूर्ववत्, टिप्पणी ४, पृष्ठ ३०
१३. थापा, पूर्ववत्, टिप्पणी ९, पृष्ठ २८८-९
१४. दिनेशराज पन्त, गोरखाको इतिहास १ (काठमाडौं: दिनेशराज पन्त, २०४१) पृष्ठ ५५
१५. योगी नरहरिनाथ, इतिहास प्रकाश (काठमाडौं: इतिहास प्रकाशक संघ २०१०) पृष्ठ ६७
१६. पन्त, पूर्ववत्, टिप्पणी १४, पृष्ठ ९१-९२
१७. ऐजन, पृष्ठ २८
१८. ऐजन, पृष्ठ १९८
१९. योगी, पूर्ववत्, टिप्पणी ११, पृष्ठ ४१७
२०. रामजी तेवारी र अरू, ऐतिहासिक पत्र संग्रह २ (काठमाडौं: नेपाल सांस्कृतिक परिषद्, २०२१) पृष्ठ, १६-१७
२१. पन्त, पूर्ववत्, टिप्पणी १४, पृष्ठ १५८-५९
२२. ऐजन, पृष्ठ १६०-६१
२३. भीमबहादुर पांडे, राष्ट्र भक्तिको झलक (काठमाडौं: रत्न पुस्तक भण्डार, २०३४) पृष्ठ १६-१७
२४. पन्त, पूर्ववत्, टिप्पणी १४, पृष्ठ २९
२५. बाबुराम आचार्य, नेपालको संक्षिप्त वृत्तान्त (काठमाडौं: प्रमोद शम्शेर राणा र नीरविक्रम प्यासी, २०२९) पृष्ठ १८-१९
२६. ऐजन, पृष्ठ ३३
२७. बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३ (काठमाडौं: श्री ५ महाराजाधिराजका प्रमुख सम्वाद सचिवालय, राजदरबार, २०२५) पृष्ठ, ४२८
२८. ऐजन, पृष्ठ ४३८
२९. थापा, पूर्ववत्, टिप्पणी ९, पृष्ठ ७१
३०. आचार्य, पूर्ववत्, टिप्पणी २७, पृष्ठ ५७०-७१